# राक्सिराङ्ग गाउँपालिका

Raksirang Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

चैनपुर, मकवानपुर

Chainpur, Makawanpur

:- info@raksirangmun.gov.np

:- raksirangmun.gov.np

:-९८५५०७७६०१ (अध्यक्ष)

:- 9855077601 (Chairperson)

:-९८५५०८८८६६ (प्र.प्र.अ.)

:- 9855088866 (C.A.O.)

बागमती प्रदेश, नेपाल

Bagamati Province, Nepal


पत्र संख्या / Ref.No :- २०७७/०७८

च.नं. / Dispatch No :-

## करारमा सेवा लिने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०६/०७

यस गाउँ कार्यपालिकाको कार्यालयको लागि लोक सेवा आयोगबाट स्थायी कर्मचारी सिफारिस भई आएमा वा अन्य कुनै व्यवस्था भएमा स्वत: नरहने गरी निम्न उल्लेखित कर्मचारी करार सेवामा राख्नु पर्ने भएकोले ईच्छुक नेपाली नागरिकले यस गाउँपालिकाद्वारा निर्धारित फाराम भरी व्यक्तिगत विवरण सहीत आफुले प्राप्त गरेको शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रहरुको एक-एक प्रति छायाँकपि संलग्न राखी यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको स्वास्थ शाखामा कार्यालय समयसम्म यस कार्यालयमा राजश्व तिरेको सक्कलै रसिद वा बैङ्क दाखिला गरेको सक्कलै भौचार सहीत दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी वा म्याद नाघी आएको दरखास्त उपर कुनै कार्यवाही हुनेछैन । दरखास्त फाराम यस कार्यालयको वेवसाईट https://raksirangmun.gov.np/sample-forms बाट उपलब्ध हुनेछ ।

तपसिल

| सि. नं. | विज्ञापन नं. | पद | श्रेणी/तह | माग पद संख्या | उमेर | परीक्षाको किसिम | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०३/२०७७/७८ | मेडिकल अधिकृत | अधिकृत आठौं | १ | २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको | अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उत्तीर्ण गरि एन.एम.सि. परिक्षा पास गरेको | १,०००/ |

(१) **सम्पर्क मिति** : म्याद समाप्त भएको भोलिपल्ट ।

(२) **अन्तरवार्ता मिति** : सम्पर्क मितिका दिन तोकिनेछ ।

(३) उमेरको गणना गर्दा दरखास्त दिने अन्तिम मिति सम्मलाई आधार मानिने छ ।

(४) यस कार्यालयको वेवसाईट https://raksirangmun.gov.np मा पनि सूचना हेर्न सकिने र कार्यालय समयमा स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिने छ । माथि उल्लेखित अन्तिम मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।

(५) प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।

(६) **कार्यक्षेत्र** : यस कार्यालयद्वारा तोकिएको स्थानमा कामकाज गर्नुपर्नेछ ।

(७) **दरखास्त साथ संलग्न हुनुपर्ने कागताजहरु** : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धीत काउन्सीलबाट दर्ता/अनुमतीपत्र प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

(८) विदेशि शैक्षिक संस्थाबाट अध्ययन गरेकाहरुको हकमा नेपाली विश्व विद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

(९) **सेवा करार अवधि:** नियुक्ती भएको मिति देखि ३ (तीन) महिनासम्म ।

(१०) **गर्नुपर्ने कार्य:** यस कार्यालयद्वारा तोकिएको कार्यहरु गर्नुपर्नेछ ।

(११) **दावि नपुग्ने:** करारमा काम गरेको आधारमा पछि कुनैपनि किसिमको पदमा अस्थायी वा स्थायी नियुक्ति हुनकालागि दावीगर्न पाउने छैन ।

(१२) **तलब/सुविधा:** नेपाल सरकारद्वारा निर्धारीत तलबमान एवं शतप्रतिशतसम्म जोखिम भत्ता पाउने छ ।

(१३) **विदा:** आगामी बर्षको लागि संचित नहुने गरी महिनामा १ (एक) दिन घरविदा पाउनेछ ।

(१४) **म्यादथप:** सेवा करारको अवधि समाप्त भए पश्चात काम सन्तोषजनक भएमा वा कार्यालयलाई आवश्यक भएमा कार्यपालिकाको निर्णयानुसार सेवा करार म्याद थप हुन सक्नेछ ।

(१५) **दरखास्त दस्तुर जम्मा गर्ने बैङ्क र खाता नं.:** बैङ्क अफ काठमाण्डौ लि.मा राक्सिराङ्ग गाउँपालिकाको संचित कोष "ग-४-१, हि.नं. ०१८७०००००००२५२४" ।

राजेन्द्र भट्टराई

नि.प्रमुख प्रशासकीय अधिकृत

नि० प्रमुख प्रशासकिय अधिकृत